श्री उपाध्यक्षज्यू,

वडाअध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु,

गाउँसभा सदस्य ज्यूहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, प्रमुख प्रशासकिय अधिकृत तथा कर्मचारी साथीहरु, सुरक्षा निकायका प्रमुखहरु, युवा विद्यार्थी साथीहरु, समाजसेवीहरु, किसान दाजु भाईहरु तथा पत्रकार मित्रहरु,

१. राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र र जनजीविका प्राप्तिको आन्दोलनका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु ।

२. कोभिड १९ महामारीका कारण अहिले विश्व अक्रान्त बनेको छ । मानव जाति माथि ठुलो संकट पैदा भएको छ । यस महामारीको बेलामा यस गाउँपालिकाबाट मित्र राष्ट्रि भारत लगायत अन्य देशहरुमा रहनु भएका सम्पुर्ण चक्रघट्टावासीहरु प्रति चिन्तित र संवेदनशिल छु ।

३. चक्रघट्टा गाउँपालिकामा कोरोना रोकथाम र नियन्त्रणमा खटिनु भएका स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मीहरु, कर्मचारीहरु र जनप्रतिनिधिहरु प्रति गहिरो आभार व्यक्त गर्न चाहन्छु ।

४. कोभिड १९ विरुद्ध लडन क्वारेन्टाइन व्यवस्थापन, हेल्प डेक्स सञ्चालनमा जोड दिदै जनचेतनामुलक कार्यक्रमहरु अझ प्रभावकारी रुपमा सञ्चालन गर्ने प्रतिवद्धता जाहेर गर्न चाहन्छु ।

५. नेपालको संविधानले व्यवस्था गरे बमोजिम विकास र समृद्धिका लागि स्थानिय सरकारहरु सञ्चालनमा आई संघिय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएदेखि यस कार्यकालको चौथो वर्ष पुरा गर्दा चक्रघट्टा गाउँपालिकाले संघ प्रदेश र स्थानिय सरकार बीचको समन्वय र सहअस्तित्व समेतको मर्म अनुसार विगतका वर्षहरुवाट थप उर्जा सँगाल्दै आ.व. २०७८।०७९ को नीति तथा कार्यक्रम गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा मैले गौरव महसुस गरेको छु ।

६. आ.व.०७८।०७९ को लागि नेपाल सरकारतर्फ वित्तीय अनुदान रकम रु.१० करोड ४३ लाख, सम्पूरक अनुदान रकम रु.१ करोड, विशेष अनुदान रकम रु.१ करोड ५० लाख, सशर्त अनुदान रकम रु.१२ करोड ५७ लाख, सशर्त (पूँजीगत) अनुदान रकम रु.१ करोड २२ लाख, सामाजिक सुरक्षा तथा बालपोषण भत्ता अनुदान रकम रु.१० करोड ५० लाख र प्रदेश सरकार तर्फ वित्तिय अनुदान रकम रु.७१ लाख ७९ हजार, सशर्त पूँजीगत अनुदान रु.८० लाख, विशेष अनुदान रु.३० लाख, सम्पूरक अनुदान २० लाख तथा आन्तरिक स्रोत, राजश्व बाँडफाँड र गतसालको अल्या रकम अनुमान रु.११ करोड २१ लाख १४ हजार गरी जम्मा कुल आय रकम रु.५० करोड ४४ लाख ९३ हजार अनुमान गरेको छु ।

आ.व.०७८।०७९ को लागि व्ययतर्फ चालु शीर्षकमा रु.७ करोड २६ लाख ४५ हजार, वित्तिय अनुदान रकम मध्ये पूँजीगत शीर्षकमा रु. १५ करोड ९ लाख ४८ हजार , नेपाल सरकार सशर्त चालुमा रु.२३ करोड ७ लाख र नेपाल सरकार सशर्त पूँजीगततर्फ रु. ५ करोड २ लाख गरी जम्मा रु.५० करोड ४४ लाख ९३ हजार विनियोजित गरेको छु ।

<u>नीति तथा कार्यक्रमका बुँदाहरु :</u>

१. कृषि विकास कार्यक्रममा कृषि प्राविधिक र किसानहरुको लागि बिउ वितरण कार्यक्रममा रु.५० लाख १२ हजार रकम विनियोजन गरेको छु ।

२. पशु विकास कार्यक्रममा पशु सेवा प्राविधिकको व्यवस्था र पशु विकासका लागि वडास्तरीय पशु स्वास्थ्य शिविर संचालन, घाँस वितरण, मेडिकल उपचार, माईनर सर्जिकल, गाइनोक्लोजिक उपचार, आकस्मिक उपचार, कृत्तिम गर्भाधान, कृत्तिम गर्भाधान सम्बन्धि १ दिने गोष्ठी, जुनोटिक रोग सम्बन्धि स्कुल प्रसारण शिक्षा, मतस्य उपचार सेवा तथा माछाको दाना वितरण जस्ता कार्यक्रममा रु.३५ लाख १२ हजार विनियोजन गरेको छु ।

३. उद्योग व्यवसाय तर्फ १०० जना नयाँ उद्यमी सृजना, ४० जना पुराना उद्यमीहरुलाई स्तरोन्नती र १०० जना नयाँ व्यवसाय सृजनाको लागि रु.५६ लाख रकम विनियोजन गरेको छु ।

४. पर्यटन क्षेत्र व्यवस्थापनको लागि रु.१ करोड १९ लाख ६५ हजार रकम विनियोजन गरेको छु ।

५. गाउँपालिका अन्तर्गत रहेको सहकारी संस्थाहरुलाई आन्तरिक प्रतिष्पर्धा तथा गाउँपालिकामा रहेका आमनागरिकलाई फाईदा पुर्‍याउन उत्प्रेरणाको लागि अन्तरक्रिया कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६. गाउँपालिकामा रहेका विभिन्न मा.वि.हरुमा शिक्षकको अभावले गर्दा शैक्षिकस्तरमा परिरहेको प्रभावलाई ध्यानमा राखी शिक्षक व्यवस्थापन र पुस्तकालय व्यवस्थापनको लागि रु.१ करोड २० लाख विनियोजन गरेको छु ।

७. स्वास्थ्य तर्फ स्वास्थ्य संस्थामा मासिक रिपोर्टिंग, आमा समूहको बैठक, औषधी खरिद कार्यक्रम, सेवा करारमा अनमी ४ जना नर्या भर्ना, कोभिड अस्थायी अस्पतालको लागि औजार उपकरण, स्वास्थ्य स्वयंसेविकाको अवकाश विदाई उत्प्रेरणा, स्वास्थ्य शिविर २ पटक जस्ता कार्यक्रममा बजेट रकम रु.९१ लाख ४२ हजार विनियोजन गरेको छु ।

८. खानेपानी तथा सरसफाई तर्फ गाउँपालिका अन्तर्गत रहेको सम्पूर्ण विद्यालयमा टंकी, धारा, मोटर जडानको लागि रु.१० लाख विनियोजन गरेको छु ।

९. संस्कृति प्रवर्द्धन तर्फ छठपर्व गर्ने श्रद्धालु आमालाई साडी वितरण, धार्मिक स्थलमा सोलर लाईट व्यवस्थापनको लागि बजेट रकम रु.१० लाख विनियोजन गरेको छु ।

१०. युवा खेलकुद तर्फ गाउँपालिकास्तरीय भोलिबल टुर्नामेन्ट र क्रिकेट टुर्नामेन्ट तर्फ बजेट रकम रु.१० लाख विनियोजन गरेको छु ।

११. लैंगिक समानता र सामाजिक समावेशिकरणमा आंशिक अपांगहरुको लागि सहायक समाग्री वितरण कार्यक्रमको लागि रु.५ लाख विनियोजन गरेको छु ।

१२. पूर्वाधार विकास तर्फ विभिन्न सडक निर्माण तथा स्तरोन्नतीको लागि रु.६ करोड ६० लाख ७४ हजार विनियोजन गरेको छु ।

१३. सिंचाई व्यवस्थापनमा बोर्डिंग जडानको लागि रु.५ लाख विनियोजन गरेको छु ।

१६. ज.मा.वि. बेलही तथा चक्रघट्टाको विभिन्न सडक छेउमा बृक्षा रोपण कार्यक्रमको लागि बजेट रकम रु.९ लाख विनियोजन गरेको छु ।

१७. चक्रघट्टा गाउँपालिकाको सार्वजनिक नाला, ढलहरुको फोहर व्यवस्थापनको लागि बजेट रकम रु.९ लाख विनियोजन गरेको छु ।

१८. जल उत्पन्न प्रकोप नियन्त्रणका लागि बजेट रकम रु.१० लाख विनियोजन गरेको छु ।

१९. विपद् व्यवस्थापनको लागि बजेट रकम रु.१ करोड २ लाख ९४ हजार विनियोजन गरेको छु ।

२०. मासिक बैठक, न्यायिक समितिको न्यायिक सम्पादन र मेलमिलाप कर्ताको व्यवस्थापनको लागि बजेट रकम रु.१० लाख विनियोजन गरेको छु ।

२१. गाउंपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्था र वडा कार्यालय तथा विद्यालयहरुको लागि रात्रि पालो पहरा व्यवस्थापनको लागि बजेट रकम रु.९ लाख विनियोजन गरेको छु ।

२२. गाउँपालिका तथा वडा कार्यालयमा डिजिटल बोर्ड व्यवस्थापनको लागि बजेट रकम रु.१० विनियोजन गरेको छु ।

२३. पंजिकरण मासिक रिपोर्टिंग व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२४. स्थानीय तथ्यांक संकलन तथा अभिलेख व्यवस्थापनको लागि बजेट रकम रु.१६ लाख विनियोजन गरेको छु ।

२५. सुशासन प्रवर्द्धन : स्थानीय ऐन, नियमावली, कार्यविधि व्यवस्थापनको लागि बजेट रकम रु.१९ लाख ४७ हजार विनियोज गरेको छु ।

२६. चक्रघट्टा गाउँपालिका अन्तर्गत कोरोना महामारीको कारण मृत्यु भएका परिवारलाई तथा कोभिड पोजेटिभ भई उपचार गराएका परिवारलाई आवश्यक आर्थिक सहयोग उपलब्ध गराउने छ ।

१. अध्यक्ष ज्यूको अध्यक्षतामा आसन ग्रहण ।

२. पानसमा बत्ती बाली उद्घाटन ।

३. राष्ट्रगाण ।

४. ज्ञात अज्ञात सहित प्रति १ मिनेटको मौन धारण ।

५. मंचमा आसन्न अतिथिहरुलाई माला आर्पण कार्यक्रम ।

६. शुभकामना मन्तव्य ।

७. नीति तथा कार्यक्रम ।

८. खाजा, नास्ता तथा समापन ।

श्री गाउँपालिका अध्यक्ष ज्यू,

उपाध्यक्ष ज्यू,

वडा नं. १ देखि ९ सम्मको वडाध्यक्ष ज्यूहरु,

कार्यपालिका सदस्य ज्यूहरु,

गाउँसभाका सदस्य ज्यूहरु,

विभिन्न विद्यालयका प्र.अ. ज्यूहरु,

नेपाल प्रहरीका प्रतिनिधि ज्यू,

सशस्त्र प्रहरीका प्रतिनिधि ज्यू,

पत्रकार साथीहरु,

विभिन्न राजनीति दलका प्रतिनिधि ज्यूहरु,

विभिन्न विषयगत शाखाका शाखा प्रमुख साथीहरु,

सहभागी सम्पूर्ण कर्मचारी, नागरिक समाजका अगुवा एवं बुद्धिजीविहरु लगायत यहाँ उपस्थित सम्पूर्ण महानुभावहरुमा म प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादव आफ्नो व्यक्तिगत तर्फबाट र चक्रघट्टा गाउँपालिकाको तर्फ यहाँहरुलाई हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

आजको आठौं गाउँसभामा शुभकामना मन्तव्य राख्न पाउँदा म आफूलाई गौर्वान्वित महशुस गरी रहेको छु । हुनत कर्मचारी प्रशासनमा विभिन्न काल खण्डबाट गुजर्नु स्वभाविकै हो । मेरो लागि स्थानीय तह एउटा सिकाईको अनुभुति र अत्यन्तै चुनौती रहेको महशुस भएको छ । यस्तो देशकाल परिस्थितिमा मलाई जुन जिम्मेवारी मिलेको छ त्यसको पूर्ण पालना गर्दै यहाँहरुलाई गाउँसभामा सहभागी हुनको लागि निमन्त्रणा दिए अनुसार यहाँहरुले गाउँपालिकाको निमन्त्रणाालाई स्वीकार गर्दै गाउँपालिकाको प्रांगणमा उपस्थित भई दिनु भई आजको यस गरिमामय गाउँसभाको शोभा बढाई दिनु भएकोमा यहाँहरुलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

अहिलेको समय बर्षायामको समय भएको र खेतीपातीको मूलभुत समय रहेको छ र यसमा पनि कोरोना महामारीले गर्दा हामीलाई मरमाहीत बनाई मनमा डरको भण्डार महसुस गराएको अनुभुति भईरहँदा पनि यहाँहरु आफ्नो अमूल्य समय निकाली गाउँसभाको निर्णयमा सहभागिता जनाउन जमर्को गर्नु भयो त्यसको लागि हामी गाउँपालिकाको तर्फबाट र म आफ्नो व्यक्तिगत तर्फबाट एकपटक फेरी धन्यवाद दिदै स्वागत गर्न चाहन्छु ।

यस कार्यक्रमलाई विस्तृत रुपमा सुनिदिनु हुनेछ भनी आशा राख्दै एकपटक फेरी यहाँहरुलाई स्वागत गर्दै म विदा हुन चाहन्छु ।

धन्यवाद । नमस्कार ।